नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: २०७८/०२/१९

# जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी निषेधाज्ञा

काठमाडौं उपत्यकामा नयाँ भेरियन्टको कोभिड-१९ महामारीको संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड - १९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/२० गते राति १२.०० वजेबाट २०७८/०२/३१ गते राति १२.०० वजे सम्म लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गरिएको छ ।

१. **सर्वसाधारणको आवतजावतको हकमा :**

क. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर वाहिर ननिस्किने । Morning walk र Evening walk बन्द गर्ने ।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

२. **सभा सम्मेलन तथा नित्य पूजाको हकमा :**

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहरी, नाचघर, क्लव, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, चिडियाखाना रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुला स्थानमा मानिसहरुको भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न गराउन नपाइने ।

ग. न्वारान, विवाह, व्रतबन्धको हकमा बढीमा ७ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्न पाउने । होटल तथा पार्टी प्यालेसमा यस्ता कार्यक्रम गर्न नपाउने ।

घ. विवाह वा ब्रतबन्धको हकमा १ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाउने ।

ङ. पूजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक तथा साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने।

३. **शैक्षिक संस्था, उद्योग तथा निर्माण कार्यको हकमा :**

क. भौतिक उपस्थितिमा शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) संचालन गर्न गराउन नपाईने । साथै भौतिक उपस्थितिमा शैक्षिक परीक्षाहरु संचालन गर्न गराउन नपाइने ।

ख. बैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीहरुका लागि कुटनैतिक नियोग तथा अन्य निकायबाट हुने भिसा प्रकृयामा जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।

ग. नेपाल सरकारबाट जारी स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गरी कुटनीतिक नियोगले संचालन गर्ने अति आवश्यक परीक्षा तथा अन्तर्वार्ता दिन जानुपर्नेको हकमा जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।

घ. अत्यावश्यक उद्योग संचालन तथा निर्माण कार्यका लागि स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गरी कार्यस्थलमा नै श्रमिक कामदारको आवासीय व्यवस्था गरी संचालन गर्न पाइने ।

२०७८/०२/१९

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्सः ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईटः www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः ......................................

ङ. ट्रान्सपोर्ट कम्पनीको हकमा औषधि तथा स्वास्थ्य उपकरण, अक्सिजन सिलिण्डर, अस्पतालको बेड, कृषि मल, वीउ तथा खाद्यान्न सामग्री मात्र ढुवानी गर्दा स्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने ।

च. नेपाल सरकारबाट जारी गरेको स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गरी कृषि कार्य गर्न सकिने ।

**४. अत्यावश्यक कार्यमा सवारी आवागमनका लागि जिल्ला प्रशासन कार्यालयबाट हुने सहजीकरण :**

क. मृत्यू संस्कारका लागि प्रमाण खुल्ने कागजात सहित निवेदन पेश भएमा सहजीकरण हुने ।

ख. बिरामी तथा कुरुवाको हकमा ललितपुर जिल्ला भित्रका बिरामी तथा कुरुवाको अस्पतालको भर्ना कार्ड वा रिपोर्ट कार्डका आधारमा आवतजावत गर्न पाउने र परिवारका सदस्य वा आफन्त विरामी भै ललितपुर बाहिर जानु पर्ने अवस्थामा बिरामीको रिपोर्ट कार्ड/भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित निवेदन पेश भएमा प्रमुख जिल्ला अधिकारीबाट भएको सहजीकरणका आधारमा आवत जावत गर्न पाउने ।

ग. सुरक्षा गार्डहरुको हकमा परिचय पत्र र पोशाक लगाएर कार्यस्थल सम्मका ड्युटीमा आवत जावत गर्न पाउने ।

घ. अत्यावश्यक काम परी उपत्यका वाहिर जानुपर्ने भएमा जानुपर्ने कारण खुल्ने निस्सा वा पुग्ने ठाउँका स्थानीय तहको सहमती/अनुमति पत्र साथमा राखी जानुपर्ने आधारभूत कारण खुलाई निवेदन पेश भएमा सो निवेदन हेरी प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्ने भनि उल्लेख गरि दिएको वा यात्रा अनुमति पास जारी भएको अवस्थामा मात्र गन्तव्य सम्मको आवागमन गर्न पाउने ।

**५. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा :**

क. अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरूवा (बढीमा १ जना) बोकेका एम्वुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन, प्रमुख जिल्ला अधिकारीबाट अनुमति प्राप्त गरेका सवारी साधन बाहेक अन्य सवारी साधन मिति २०७८/०२/२० गते राति १२.०० बजे देखि मिति २०७८/०२/३१ गते राति १२:०० बजेसम्म ललितपुर जिल्लाभर सञ्चालनमा रोक लगाउने।

ख. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, दुध र दुग्धजन्य पदार्थ विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध (औषधि, अक्सिजन सिलिण्डर), दूरसंचार, इन्टरनेट मर्मत, कुरियर तथा डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी संचालन गर्न पाउने।

ग. तरकारी, फलफूल, खाद्यान्न, दूग्धजन्य पदार्थको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ, भेटनरी सम्बन्धी कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग गरिने मास्क/सावुन/स्यानिटाइजर लगायतका सामान र प्रिन्ट तथा सरकारी छापाखाना लगायतका ढुवानी तथा सो को यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी राति ०९:०० बजे देखि बिहान ०९:०० बजे सम्म न्यूनतम जनशक्ति प्रयोग गरी संचालन गर्न पाउने ।

घ. भन्सार विन्दुबाट Exit Note जारी भएका मालवाहक सवारी साधन तथा सम्बन्धित भन्सार प्रमुखले मालसामान छुटाउन भनी आउन जाने रुट खुलाई अनुमित स्वीकृति प्रदान गरेका त्यस्ता मालसामान छुटाउने भन्सार एजेन्ट तथा कर्मचारीलाई अनुमतिमा उल्लेख गरेको दिन र स्थान सम्म आवतजावत गर्न दिने ।

ङ. अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान लगायतका कार्यालयहरुको सेवा प्रवाह हाललाई स्थगन गर्ने ।

०७८।२।१९

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५४८७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ....................................

च. प्रतिनिधी सभा, राष्ट्रिय सभा र प्रदेश सभाका माननीय सदस्य तथा पदाधिकारी, संवैधानिक निकायका पदाधिकारी, माननीय न्यायधीश तथा संवैधानिक निकाय तथा मन्त्रालयका सचिव र विभागीय प्रमुख, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरुको हकमा परिचय पत्रका आधारमा आवतजावत गर्न पाउने ।निजहरुको निजी सचिवको रुपमा काम गर्ने कर्मचारीको हकमा सम्बन्धित सचिव वा विभागीय प्रमुखले दिएको सवारी पासको आधारमा आवत जावत गर्न पाउने ।

छ. सरकारी कार्यालय, सार्वजनिक संस्थान, वीमा, बैंक तथा वित्तीय संस्थाहरु, इन्टरनेट प्रदायक संस्था र दूरसंचार प्रदायक संस्थाका सवारी साधनको हकमा सम्बन्धित मन्त्रालयका सचिव तथा विभागीय प्रमुखले जारी गरेको पास तथा परिचय पत्रका आधारमा आवतजावत गर्ने व्यवस्था मिलाउने ।

ज. ललितपुर जिल्लामा वाणिज्य तथा विकास बैंकको हकमा २ वटा शाखा कार्यालय, वित्त कम्पनीको हकमा एउटा शाखा कार्यालय, विमा समिति तथा विमा कम्पनीको हकमा कर्पोरेट कार्यालय र धितो पत्र बोर्ड मात्र खुल्ने गरी आलोपालो गरी न्यूनतम जनशक्ति (२० प्रतिशत मात्र) प्रयोग गरी कार्य संचालन गर्ने व्यवस्था मिलाई सो को विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिने । यसको अनुगमन जिल्ला प्रशासन कार्यालयबाट हुने ।

झ. अन्तर्राष्ट्रिय उडानबाट आवतजावत गर्ने यात्रु वाहक सवारी साधनको हकमा हवाई टिकट, पासपोर्ट, भिषा हुनेहरुलाई सिधै एयरपोर्ट आवतजावत गर्न सहजीकरण गर्ने ।

ञ. निर्माण सामग्री ढुवानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस साथमा राखी प्रयोजन खुलाई निवेदन गरेमा प्रमुख जिल्ला अधिकारीबाट सहजीकरण गर्ने भनी अनुमति भएमा प्रत्येक दिन बेलुका ९.०० वजे देखि बिहान ५.०० वजेसम्म मात्र सञ्चालन गर्न पाउने ।

६. **अत्यावश्यक खाद्य सामग्री तथा अन्यको हकमा :**

क. तरकारी, फलफूल, खाद्यान्न, दुध डेरी, मासु, खानेपानी, ग्यास पसलहरु, किराना पसल र डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र) बिहान ९:०० बजेसम्म मात्र खुला गर्ने। तरकारी तथा फलफूलको थोक बजारमा फुटकर बिक्री वितरण नगर्ने । स्थानीय ढुवानीका हकमा राति ०९:०० बजे देखि विहान ०९:०० बजे सम्म मात्र गर्ने ।

ख. तरकारी, फलफूल, खाद्यान्न, दुध डेरी, मासु, खानेपानी, ग्यास पसलहरु, किराना पसल, डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र), सवारी साधन मर्मतका लागि वर्कशपहरुले सामग्री किनबेच गर्दा कम्तिमा २ मिटरको भौतिक दूरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने ।

ग. सवारी साधन मर्मतका लागि वर्कशपहरु राती ८.०० वजे देखि बिहान १०:०० बजे सम्म संचालन गर्न सकिने।

घ. तोकिएको तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल/बाटोमा तरकारी तथा फलफूल विक्रि वितरण गर्न रोक लगाउने।

७. औषधि तथा स्वास्थ्य सामाग्री सम्वन्धी पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने।

८. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना तथा प्रसारण विभागको प्रेस पासका आधारमा आवत जावतमा सहजीकरण गर्ने। सूचना तथा प्रसारण विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा आधिकारिक निकायमा दर्ता भएको सम्बन्धित संचार गृहको किटानी सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले जारी गरेको पासको आधारमा मात्र आवत जावत गर्न सकिने ।

०७८।०२।१५

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:
मिति: ..................................

९. कुटनीतिक नियोगका निलो प्लेटका सवारी साधनको हकमा परिचय वाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवश्यक नपर्ने ।

१०. प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधि आपूर्ति गर्ने परिचय वाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्ति कर्ताको अनुमतिपत्र भए सवारी पास नचाहिने।

११. फुटपाथ खुल्ला ठाउँ तथा साइकलमा संचालन हुने विभिन्न व्यापार व्यवसाय संचालन एवं कवाडी संकलन गर्न रोक लगाउने ।

१२. जिल्ला प्रशासन कार्यालयबाट यस अघि सञ्चार माध्यमलाई जारी गरिएका पास वाहेक अन्य पासहरु रद्द गरिएको र अति आवश्यक भएको अवस्थामा वाहेक अब उप्रान्त कोही कसैलाई सवारी पास जारी नगरिने ।

१३. **आदेशको पालना, अनुगमन तथा कार्वाही सम्बन्धमा :**

यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लघंन गरेमा प्रचलित कानुनको अतिरिक्त देहाय बमोजिम जरिवाना तथा कार्वाहि गरिनेछ ।

क. कसैले देहाय बमोजिम कार्य गरे गराएमा सुरक्षाकर्मीले तत्काल देहाय बमोजिम जरिवाना तथा कारवाही गर्नेछ

अ. मास्क नलगाई सार्वजनिकस्थलमा आवतजावत गरेमा पटकै पिच्छे एक सय रुपैयाँ

आ. आदेश बिपरित बिना अनुमति आवतजावत गरेमा पटकैपिच्छे दुई सय रुपैयाँ

इ. आदेश विपरित बिना अनुमति सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए रु.२०००।— र अन्य सवारी साधन भए रु.५०००।—

ई. आदेश विपरित बिना अनुमति सञ्चालनमा ल्याइएको सवारी साधनलाई उपरोक्त जरिवानाको अतिरिक्त कम्तीमा दुई घण्टा त्यस्तो सवारी साधन नियन्त्रणमा लिइ होल्ड गरिनेछ ।

ख. कसैले यस आदेशको उल्लङ्घन गरे गराएमा प्रमुख जिल्ला अधिकारीले तत्काल देहाय बमोजिम जरिवाना गर्न सक्नेछ

अ. कुनै व्यक्तिले यस आदेशको उल्लङ्घन गरेकोमा एक लाख रुपैयाँसम्म,

आ. कुनै संस्थाले यस आदेशको उल्लङ्घन गरेकोमा पाँच लाख रुपैयाँसम्म,

इ. आदेश विपरित कार्य गर्ने व्यक्ति, संस्था वा व्यवसायलाई प्रचलित कानुनमा तोकिएको सजाय अतिरिक्त ६ महिना सम्म कैद र ६ महिना सम्म व्यवसाय वन्द गर्न आदेश हुनेछ ।

ग. प्रमुख जिल्ला अधिकारीबाट जुनसुकै उद्योग, व्यवसाय, अनुगमन हुन सक्ने र अनुगमनका क्रममा जुनसुकै स्थानमा प्रवेश वा जाँच गरी कैफियत भेटिएमा प्रचलित कानुन बमोजिम कडा कारवाही गरिनेछ ।

घ. उपचारमा संलग्न अस्पताल वा निकायले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि भए गरेका काम कारवाही, सेवा प्रवाह गर्दा लाग्ने उपचार खर्चको अधिकतम मूल्यको सूचना टाँस गरी पारदर्शी ढंगले काम गर्नुपर्नेछ । यसको विवरण स्वास्थ्य कार्यालय र जिल्ला प्रशासन कार्यालय ललितपुरमा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।आफूले गरेको काम कारवाही सम्बन्धी सूचना सम्बन्धित निकायले नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

ङ. प्रत्येक अस्पताल वा निकायले २४ सै घण्टा सम्पर्क गर्ने प्रणालीको व्यवस्था मिलाई सम्पर्क व्यक्तिहरुको जानकारी स्वास्थ्य कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

२०७८।०२।१५

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी